
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क २०५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन २२ गते मंगलबार ❑ 6 Aug 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## यातायात व्यवस्था कार्यालय कास्कीद्वारा १ अर्ब ४२ करोड ३० लाख राजश्व संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, २१ साउन

यातायात व्यवस्था कार्यालय सवारी कास्कीले गत बर्ष १ अर्ब ४२ करोड ३० लाख ४० हजार ६ सय २४ रुपैया राजश्व संकलन गर्न सफल भएको छ।

आर्थिक बर्ष २०८०/०८१ मा कार्यालयले चालक अनुमति पत्र, सवारी दर्ता किताव सम्बन्धी दस्तुर, प्रशासनिक दण्ड, जरिवाना र जफत एवं सवारी साधन कर लगायतका शिर्षकबाट उक्त राजश्व संकलन गर्न सफल भएको कार्यालयका निमित्त कार्यालय प्रमुख अशोक गौतमले बताए।

सवारी साधन कर वापत १ अर्ब २६ करोड ४८ लाख ८ हजार ४ सय ९३ रुपैया राजश्व संकलन गर्न सफल भएको उनले जनाए । त्यसै गरी प्रशासनिक दण्ड, जरिवाना र जफतबाट १ करोड १३ लाख ६१ हजार ९ सय ५७ रुपैया राजश्व संकलन भएको छ। चालक अनुमति पत्र, सवारी दर्ता किताव सम्बन्धी दस्तुरबाट गत बर्ष ९ करोड ९६ लाख ४७ हजार ३ सय ८३ रुपैया राजश्व संकलन भएको कार्यालयले जनाएको छ।

अघिल्लो आर्थिक बर्ष २०७९/०८० मा भन्दा गत बर्ष कार्यालयले ११ करोड ५३ लाख बढी राजश्व संकलन गर्न सफल भएको हो। आर्थिक बर्ष २०७९/०८० मा कार्यालयले १ अर्ब २९ करोड ५५ लाख ६० हजार ८ सय ९४ रुपैया राजश्व संकलन गर्न सफल भएको थियो । कार्यालयको गत बर्ष ८०.६६ प्रतिशत प्रगती हासिल गर्न सफल भएको सूचना अधिकारी राजेन्द्र आचार्यले जनाए । कार्यालयमा हालसम्म ३ लाख १८ हजार ३ सय ७२ वटा सवारी साधनहरु दर्ता भएको कार्यालयले जनाएको छ। दुई पाङ्ग्रे सवारी साधन मोटरसाइकल तथा स्कुट भने यसमा सबै भन्दा धेरै दर्ता भएको देखिन्छ । कास्कीमा २ लाख ४९ हजार ४ सय ३८ वटा मोटरसाइकल तथा स्कुटर हालसम्म कास्कीमा दर्ता भएका छन्। कार्यालयमा गत बर्षमा मात्र १० हजार १ सय ११ वटा सवारी साधनहरु दर्ता भएका छन्। सबै भन्दा धेरै दुई पाङ्ग्रे सवारी साधन मोटरसाइकल तथा स्कुटर ८ हजार ६ सय २० वटा दर्ता भएको निमित्त प्रमुख गौतमले उल्लेख गरे। गत बर्ष देखि कार्यालयले कास्कीमा तीन पाङ्ग्रे सवारी साधन(टेम्पो) लाई समेत निश्चित मापदण्डका आधारमा अनुमति दिन थालेको छ। अघिल्लो बर्ष ४६ वटा टेम्पो कास्कीमा दर्ता भएकोमा गत बर्षमा भने एउटा मात्र टेम्पो दर्ता भएको निमित्त प्रमुख गौतमले जनाए।

कास्कीमा ठुला तथा हेभि गाडी अर्न्तगत क्रेन,डोजर, एक्साभेटर तथा ट्रक गरी हालसम्म ७ हजार ८९ वटा दर्ता भएका छन्। गत बर्ष भने कास्कीमा १ सय ४४ वटा उक्त सवारी साधनहरु दर्ता भएका थिए।

## बंगलादेशका प्रधानमन्त्री शेख हसिनाद्धारा राजिनामा

**रासस**
काठमाडौं, २१ साउन



बङ्गलादेशी प्रधानमन्त्री शेख हसिनाले आफ्नो पदबाट राजीनामा दिनुभएको सेनाप्रमुख वाकर-उज-जमानले सोमबार दिउसो जानकारी गराउनुभएको छ।

प्रधानमन्त्री हसिनाको राजिनामाको माग गर्दै गरिएको आन्दोलनमा ढाकामा व्यापक सहभागितापछि प्रधानमन्त्री हसिनाले पदबाट राजिनामा दिनुभएको हो। उहाँले आफ्नो व्यक्तिगत सुरक्षालाई मध्यनजर सरकारी निवास (गणभवन) छोडेर सुरक्षित स्थानमा जानुभएको छ।

"प्रधानमन्त्री शेख हसिनाले राजिनामा दिनुभएको छ । अब सेनाको पहलमा अन्तरिम सरकार बन्नेछ," उहाँले भन्नुभयो। कामचलाउ सरकारको नेतृत्व सेनाप्रमुख जमानले आँफै गर्नुहुनेछ वा अन्य कसैलाई जिम्मेवारी दिइनेछ भन्ने बिषयमा उहाँले केही बताउनुभएको छैन । बङ्गलादेशको सरकारी टेलिभिजनमार्फत राष्ट्रका नाममा प्रसारण गरिएको कार्यक्रममा बङ्गलादेशका सेना प्रमुख जमानले सोमबार हसिनाले राजीनामा दिएको र सेनाले अन्तरिम सरकार गठन गर्ने बताउनुभएको हो।

"देशले धेरै क्षति व्यहोरेको छ, अर्थतन्त्र प्रभावित भएको छ, धेरै मानिस मारिएका छन्। अब, यो हिंसा रोक्ने समय हो।" वाकरले भन्नुभयो। "मलाई आशा छ, यो सम्बोधनपछि स्थितिमा सुधार आउनेछ।" बङ्गलादेशमा सरकारी जागिरमा आरक्षण (कोटा) प्रणालीको विरोध गर्दै बिद्यार्थी समूहले सुरू गरेको आन्दोलनले सफलताको उत्कर्ष पार गर्दै प्रधानमन्त्री हसिनालाई राजिनामा दिन बाध्य बनाएको छ।

आन्दोलनका क्रममा आइतबार ९४ जनाको मृत्यु भएको थियो भने अहिलेसम्म कम्तीमा ३०० जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा बालबालिका, महिलासहित कैयौं सर्वसाधारण रहेका स्थानीय मानव अधिकारवादी समूहले जनाएका छन्।

## सभापति देउवाद्वारा ३७ विभागका प्रमुख मनोनीत

**रासस**
काठमाडौं, २१ साउन

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टी विधानबमोजिम विभिन्न ३७ केन्द्रीय विभाग गठन गर्नुभएको छ।

उहाँले सोमबार विभिन्न केन्द्रीय सदस्यलाई विभिन्न संयोजक तोक्नुभएको मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो।

सभापति देउवाले पार्टी केन्द्रीय सदस्यहरू गोविन्द भट्टराईलाई राज्य प्रशासन, मधु आचार्यलाई स्थानीय तह समन्वय, मानबहादुर विश्वकर्मालाई अभिलेख, अनुगमन तथा मूल्याङ्कन, चन्द्रबहादुर केसीलाई सङ्घीय मामिला समन्वय, गोविन्दबहादुर शाहलाई संसदीय मामिला, मानबहादुर नेपालीलाई कानून, राजीव ढुङ्गानालाई विद्यार्थी, डा डिला सङ्ग्रौलालाई पेसागत तथा बुद्धिजीवी विभागको प्रमुखमा मनोनयन गर्नुभएको छ।

त्यस्तै नैनसिंह महरलाई शिक्षा, डा चन्द्रमोहन यादवलाई स्वास्थ्य, मदनबहादुर अमात्यलाई निर्माण व्यवसाय समन्वय, शिवप्रसाद हुमागाँइलाई सार्वजनिक यातायात र यातायात व्यवसायी समन्वय, उमेश श्रेष्ठलाई कृषि तथा किसान, उमेशजङ्गरायमाझीलाईखेलकूद, तारामान गुरुङलाई प्राकृतिक स्रोत, विद्यादेवी तिमिल्सीनालाई साहित्य, कला तथा संस्कृति, लक्ष्मी परियारलाई दलित समुदाय समन्वय र सशक्तिकरण विभागको संयोजक तोकिएको छ। साथै कृष्णकिशोर घिमिरेलाई द्वन्द्व व्यवस्थापन तथा मेलमिलाप, मैकुलाल वाल्मिकीलाई मुस्लिम, कर्णबहादुर बुढालाई वित्तीय संस्था समन्वय, सुशीला मिश्र भट्टलाई विज्ञान तथा सूचना प्रविधि, महेन्द्रकुमारी लिम्बूलाई भूपू सैनिक, प्राडा गोविन्दराज पोखरेललाई आर्थिक नीति तथा योजना विभागको जिम्मेवारी तोकिएको छ।


यसैगरी शुभेच्छुक संस्था समन्वयमा अब्दुल सत्तार, श्रमिक तथा ट्रेड युनियनमा हरिशरण नेपाली, भूमि व्यवस्था तथा भूमिहिन, अव्यवस्थित बसोबास समन्वयमा नृपबहादुर वड, मानव अधिकारमा धना खतिवडा, वातावरण तथा जलवायु परिवर्तन सरोकारमा कल्याणकुमार गुरुङ, ऊर्जा तथा जलस्रोतमा अनिलकुमार रुंगटा, बालबालिका तथा किशोर-किशोरी समन्वयमा विभागको संयोजकमा डा. जीवन राना मनोनित हुनुभएको छ।

सभापति देउवाले लक्ष्मी खतिवडालाई नागरिक सम्बन्ध तथा समस्या सम्बोधन समन्वय, गङ्गालक्ष्मी अवाललाई व्यवसायिक सीप विकास, डा गोपाल दहत विपन्न उत्थान समन्वय, अर्जुनप्रसाद जोशीलाई सामाजिक सङ्घसंस्था समन्वय, अजयवावु शिवाकोटीलाई पुस्तकालय तथा पार्टी अध्ययन-स्रोत केन्द्र, ध्यानगोविन्द रञ्जितलाई धर्म-संस्कृति समन्वय, दिनेश कोइरालालाई पूर्वआप्रवासी समन्वय विभागको प्रमुखमा मनोनयन गर्नुभएको छ।

## मनसुनजन्य विपद्बाट एक सय ५४ को मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, २१ साउन

यसवर्षको मनसुनजन्य विपद्बाट हालसम्म एक सय ५४ जनाको मृत्यु भएको छ । बाढी, पहिरालगायत विपद्बाट काठमाडौँ उपत्यकामा तीन, कोसीमा २५, मधेशमा छ, बागमतीमा ३०, गण्डकीमा ४३, लुम्बिनीमा २९, कर्णालीमा आठ र सुदूरपश्चिम प्रदेशमा १० जनाको मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ। विपद्मा परी ४७ जना बेपत्ता तथा एक सय ८६ जना घाइते भएका छन्। बाढीका कारण तीन सय ८४ घर डुबानमा परेका छन्। दुई सय ६१ घर, ९५ गोठ, ४३ पुल, दुई/दुई वटा विद्यालय र सरकारी कार्यालयमा क्षति पुगेको प्रहरीले जनाएको छ । गत जेठ २८ यता विपद्का घटनाबाट चार हजार दुई सय ३८ घर परिवार विस्थापित भएका छन्।




## स्वास्थ्य क्षेत्रलाई गुणस्तरीय र विश्वसनीय बनाउनुपर्छ : मन्त्री पौडेल

**पोखरापत्र संवाददाता**
तनहुँ, २१ साउन




स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले स्वास्थ्य क्षेत्रलाई गुणस्तरीय र विश्वसनीय बनाउनुपर्ने बताउनुभएको छ।

नेपाली कांग्रेस तनहुँद्वारा सोमबार बिपी स्मृति भवन दमौलीमा आयोजित कार्यक्रममा उहाँले गुणस्तरीय सेवा प्रवाहका लागि अस्पतालमा चिकित्सक अभाव हुने अवस्था रहेकाले यसको व्यवस्थापनका लागि चिकित्सा शिक्षा अध्ययनलाई पनि ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

मन्त्री पौडेलले स्वास्थ्य क्षेत्र आमनागरिकको नैसङ्र्गिक अधिकार भएकाले स्वास्थ्य क्षेत्रलाई व्यवस्थित बनाउँदै आमनागरिकको पहुँच स्थापित गर्न आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "गुणस्तरीय स्वस्थ्य सेवामा आमनागरिकको सहज पहुँच स्थापित गर्न अस्पतालका भौतिक संरचना बनाएर मात्रै हुँदैन भएका संरचनाको उपयोग गरी सहज सेवा प्रवाहको वातावरण तयार गर्ने प्रयासमा रहेका छौं।"

आमनागरिकलाई स्वास्थ्यको पहुँचमा पुऱ्याउन स्वास्थ्य बीमालाई व्यवस्थित गरिने उहाँको प्रतिबद्धता थियो । "स्वास्थ्य बीमालाई व्यवस्थित, बीमितको प्रिमियमलाई व्यवस्थित गर्न स्वास्थ्य बीमालाई बीमाको सिद्धान्तअनुसार अगाडि बढाउनुपर्नेछ । त्यसका लागि स्वास्थ्य बीमा क्षेत्रमा हाल देखिएका समस्या र गुनासा सम्बोधनमा जोड दिनेछौँ", उहाँले भन्नुभयो । केही वर्षपछि चिकित्सक नै अस्पतालमा अभाव हुने अवस्था देखिने चिन्ता व्यक्त गर्नुहुँदै मन्त्री पौडेलले चिकित्सा शिक्षा अध्ययनलाई सहज बनाउन आवश्यक रहेको धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "केही वर्षमा चिकित्सा शिक्षाका लागि विद्यार्थी नपाइने अवस्था आउन सक्छ। यसकारण दुई सय ५० शयूया क्षमताका अस्पतालमा चिकित्सा शिक्षा अध्ययन गराउने व्यवस्था हुनुपर्छ, यसले विदेशिने युवाको सङ्ख्यामा पनि कमी आउनसक्छ ।" तीन तहका सरकारको सहकार्य तथा समन्वयमा सबै अस्पतालको सेवा विकासमा लाग्नुपर्नेमा मन्त्री पौडेलको जोड थियो । तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रलाई तीन सय शयूयाको बनाउन प्रस्ताव माग भएको उहाँले जानकारी गराउनुभयो । यसैगरी, देश चुनौतीपूर्ण बिन्दुमा रहेकाले दोस्रो कांग्रेसले ठूलो पार्टीसँग सरकार गठनका लागि सहकार्य गरेको धारणा राख्नुहुँदै मन्त्री पौडेलले राजनीतिक अस्थिरता र बेतिथिलाई रोक्ने गरी सरकारले काम गर्ने बताउनुभयो।

कांग्रेस तनहुँका सभापति जीतप्रकाश आलेले सशक्त युवाले स्वास्थ्य क्षेत्रको नेतृत्व पाएकाले आमनागरिकले स्वास्थ्य क्षेत्रमा सुधार तथा स्वास्थ्यको पहुँच सहज बन्ने अपेक्षा गरेको बताउनुभयो । मन्त्री पौडेलले जिल्ला अस्पतालको निरीक्षण गरी सेवा प्रवाहका बारेमा जानकारी लिनुभएको थियो।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। - गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# निराशाजनक नतिजा

वि.स. २०८० को एसइई परीक्षाको नतिजाले निराशा बनाएको बेला शुक्रबार सार्वजनिक भएको कक्षा १२ को नतिजामा पनि करिब ५३ प्रतिशत विद्यार्थी मात्र उत्तीर्ण भएका छन् । एसइईमा आधाभन्दा बढी परीक्षार्थीको नतिजा ननग्रेडेड (एनजी) अर्थात् कक्षा ११ मा पढ्न नपाउने भएपछि राष्ट्रिय परीक्षा बोर्डले एनजीमा परेका सबै परीक्षार्थीलाई ग्रेड वृद्धि परीक्षाको मौका दिने निर्णय गरिसकेको छ । यसअघि अधिकतम दुई वटा विषयमा मात्रै एनजी आएका परीक्षार्थीलाई मात्रै यस्तो परीक्षामा सहभागी हुन पाउने व्यवस्था भएकोमा यो पटक सबैलाई अवसर दिइएको छ।

यस्तो अवसर यो एक वर्ष मात्र हो कि अर्को वर्षदेखि यही व्यवस्था कायम रहन्छ टुङ्गो छैन। मन्त्रीको आदेशमा होइन सरोकारवालासँग छलफल गरेर नीतिगत निर्णय हुन सकेमा अन्योल हट्नेछ। दुवै नतिजा सन्तोषजनक नभएपछि विद्यालय शिक्षा र परीक्षा प्रणालीबारे शैक्षिक क्षेत्रमा विविध कोणबाट विश्लेषण हुनु स्वाभाविक छ । अध्यापन विधि, परीक्षा प्रणाली, मूल्याङ्कन विधिमा बहस हुनुपर्ने शिक्षा विज्ञान तथा प्रविधि मन्त्री बिद्या भट्टराईको भनाइ मननीय छ। हाम्रो पाठ्यक्रमकै विषयलाई लिएर बहस गरिएको छ ।यसले पक्कै पनि धेरै कमीकमजोरी छन् र सुधार आवश्यक छ भन्ने देखाएको छ।

विद्यालय शिक्षामा राज्यको लगानी न्यून भएकाले गुणात्मक सुधार आउन नसकेको भनेर राज्यलाई दोष दिने गरिन्छ । विद्यालय शिक्षा सुधारमा कक्षाकोठाबाटै सुधार योजना प्रारम्भ गर्नुपर्ने कतिपयको ठहर छ। नेपाल शिक्षक महासङ्घका अनुसार सामुदायिक विद्यालय अन्तर्गत माध्यमिक तहमा २५ हजार र आधारभूत तहमा ५० हजार शिक्षक अपुग छ। कक्षा ११ र १२ को पढाइ सुरु भएको तीन दशक बितिसक्दा पनि सामुदायिक विद्यालयमा स्थायी शिक्षक दरबन्दी सिर्जना हुन सकेको छैन । यो स्थितिमा नतिजा मात्र राम्रो खोज्नु जायज होइन। ग्रेडिङ प्रणालीमा गएपछि 'कोही अनुत्तीर्ण नहुने' हुँदा शैक्षिक क्षेत्रका विकृति क्रमशः हटेर जाने अपेक्षा गरिएको परीक्षा प्रणाली सोचे अनुरूपको व्यवस्थित र उपलब्धिमूलक हुन नसक्नु सोचनीय विषय हो।

मुलुकभर कक्षा १० सम्म पढाइ हुने करिब आठ हजार विद्यालय र कक्षा १२ सम्म सञ्चालन गरिरहेका करिब चार हजार गरी १२ हजार माध्यमिक तहसम्म पढाइ हुने विद्यालय छन्। आधारभूत तहमै राम्रोसँग शिक्षण सिकाइ हुन नसकेको र त्यसैको असर एसइई र कक्षा १२ मा देखिएको छ। शिक्षामा लगानी पुगेन, पाठ्यक्रम राम्रो भएन, शिक्षकले पढाएनन्लगायतका नकारात्मक भाष्य मात्रै सिर्जना गर्न खोज्ने प्रवृत्ति पनि समग्र शिक्षा प्रणालीको बाधक रहेको छ। शिक्षा क्षेत्रमा सुधार गर्नुपर्ने जिम्मेवारी र दायित्व सरकारको मात्रै पनि होइन। नागरिक समुदाय, निजी क्षेत्र, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा कर्मचारी र अभिभावक एवं विद्यार्थीका पनि आआफ्नै दायित्व हुन्छन् । दायित्वबाट विमुख भएकै कारण शैक्षिक क्षेत्र खस्किँदो अवस्थामा पुगेको हो।

दक्ष जनशक्ति निर्माण गर्ने खुट्किलोका रूपमा माध्यमिक शिक्षालाई गुणस्तरयुक्त बनाउनेतर्फ सरकारको ध्यान केन्द्रीत हुनुपर्छ । भर्खरै लागु भएको १६ औँ आवधिक योजनामा समेत माध्यमिक शिक्षालाई वृत्ति विकासको आधार र उच्च शिक्षालाई उद्यम तथा रोजगार केन्द्रित गर्ने सरकारको लक्ष्य उल्लेख छ । परीक्षामा नतिजा राम्रो नआउनुमा सरकार , शिक्षक, समुदाय र हाम्रो समाज जिम्मेवार छ।एकले अर्कोलाई दोष थोपर्ने प्रबृत्ति अन्त्य गर्दै सरोकारवाला सबै पक्ष उत्तिकै जिम्मेवार बन्न आवश्यक छ।

# नेपालले मल्दिभ्सलाई हरायो

**रासस**
काठमाडौ, २१ साउन

काभा महिला नेसन्स भलिबल लिगअन्तर्गत आजको खेलमा नेपालले माल्दिभ्सलाई पराजित गरेको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा सोमबार भएको समूह चरणको अन्तिम खेलमा नेपालले मल्दिभ्सलाई ३-० को सोभ्रो सेटमा पराजितगरेको हो । नेपालले मल्दिभ्समाथि पहिलो सेटमा २५-८, दोस्रो सेट २५-१९ र तेस्रो सेटमा २५-१८ ले पराजित गऱ्यो। नेपाल समूह चरणको अङ्क तालिकामा दोस्रो स्थानमा रह्यो। नेपालले यसअघि श्रीलङ्का र भारतलाई पराजित गरेको थियो भने इरानसँग पराजित भएको थियो। नेपालले सेमिफाइनलमा इरानसँग खेल्नेछ। इरान अङ्क तालिकाको तेस्रो स्थानमा रह्यो । नेपाली टोलीका मुख्य प्रशिक्षक जगदीश भट्टले प्रतियोगिताको उपाधि जित्ने लक्ष्य रहेको भन्दै सेमिफाइनलमा इरानलाई पराजित गर्नेमा विश्वास व्यक्त गर्नुभयो । नेपाली टोलीकी कप्तान अरुण शाहीले आफ्नो टोलीमा भएको कमजोरीलाई सुधार गर्दै इरानविरुद्धको खेलमा उत्कृष्ट खेल प्रदर्शन गर्ने बताउनुभयो । अर्को सेमिफाइनलमा भारत र श्रीलङ्काबीच प्रतिस्पर्धा हुनेछ। भारत लिग चरणमा शीर्ष स्थानमा रह्यो भने श्रीलङ्काले चौथो स्थानमा रहेर अन्तिम चारमा स्थान पक्का गरेको हो।

# मणिद्विपको महायज्ञमा दर्शनार्थीको चाप बढ्दो

**पोखरापत्र संवाददाता**
पोखरा, २१ साउन

पोखरा महानगरपालिका वडा नं १३ आर्वा मणिद्विपमा जारी महायज्ञमा भक्तजनको चाप बढ्दै गएको् छ।

गत साउन १४ गतेदेखि सुरु भई यही साउन २४ गतेसम्म जारी शिव महापुराण ज्ञान महायज्ञमा पं युवराज बरालको प्रमुख बाचकत्वमा कथा श्रवणसँगै नागेश्वर महादेवको पूजा आरधना भैरहेको छ । महायज्ञ समापनतर्फ गईरहँदा दैनिक भक्तजनको उपस्थिति बढ्दै गएको र हालसम्म करिब १० लाख रुपैयाँ सहयोग जुटेको नागेश्वर महादेव विकास समितिका अध्यक्ष विष्णुप्रसाद बरालले जानकारी दिनुभयो । महायज्ञमा संकलित सहयोग मध्येबाट खर्च कटाएर बाँकी रकम यहाँको दीर्घकालीन सञ्चालन, आश्रम व्यवस्थापन आदिका लागि अक्षय कोष राख्ने योजना रहेको उहाँले जानकारी दिनुभयो। किंवदन्ती अनुसार आर्वामा बस्ती स्थापना हुँदा गाउँको पूर्वमा मणिद्विप नागेश्वर महादेव स्थापना गरिएको थियो । स्थानीयवासीका अनुसार शक्तिशाली शक्तिपीठका रुपमा रहेको यस मन्दिरमा धेरै पटक नाग प्रकट भएको थियो । मन्दिरमा भक्तिपूर्वक पूजा गर्दा निःसन्तान दम्पतीलाई सन्तान प्राप्त भएकाले टाढाटाढाबाट दर्शनार्थी आउने गरेको स्थानीयवासी बताउँछन्। नागको दोषका कारण स्वास्थ्यलगायत समस्यामा परेका व्यक्ति पनि यहाँ आएर श्रद्धाभक्तिपूर्वक पूजाआजा गरेर फर्केपछि समस्याबाट मुक्त हुने विश्वास छ। प्राचीनकालदेखि नै सन्यासी बस्दै आएको यस स्थानको मन्दिर २०६२ सालमा समाजसेवी स्व.सूर्यनाथ उपाध्याय बरालको अगुवाईमा पुनःनिर्माण गरिएको थियो । २०६३ सालमा हरिद्वारका महामण्डलेश्वरसहित विशिष्ट व्यक्तिको उपस्थितिमा मणिद्विपमा महायज्ञ गरी उक्त मन्दिरमा नर्मदा नदीबाट ल्याइएको शिलाको प्राण प्रतिष्ठा गरिएको थियो। प्रतिष्ठापनका बेला शिलामा लामो समयसम्म पसिना आएको स्थानीयवासीको भनाइ छ । त्यसयता मणिद्विपमा प्रत्येक वर्ष बालाचतुर्दशीका दिन मेला लाग्ने तथा शतबीज छर्ने प्रचलन छ । शिलाको प्राणप्रतिष्ठा भारतबाट आएका १००८ स्वामी बालसन्त महामण्डलेश्वर रामेश्वरजी महाराज, १००८ स्वामी सोमेश्वरजी महाराज, १००८ स्वामी विष्णुराजजी महाराज, १००८ स्वामी सुतिक्षण मुनीजी महाराजलगायत सन्तमहन्तले गर्नुभएको मन्दिरका संस्थापक अध्यक्ष धर्मराज बरालले जानकारी दिनुभयो । मणिद्विपको ऐतिहासिक एवम् धार्मिक महत्वलाई उजागर गर्दै यस स्थललाई बहत् धार्मिक तीर्थस्थलका रुपमा विकास गर्नुपर्ने उहाँले बताउनुभयो । मणिद्विप प्राचीनकालदेखि नै अस्तित्वमा रहेको धार्मिक तीर्थस्थल भएको समाजसेवी शिरोमणि बरालको भनाइ छ। उहाँका अनुसार यस स्थलमा छ पुस्तादेखिका सन्यासीको समाधीस्थल समेत रहेको छ। यस स्थलमा बेद विद्याश्रम निर्माण लगायतका योजना समेत रहेको उहाँले बताउनुभयो । मणिद्विपलाई धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने सोच अनुसार डिपिआर तयार गरी अघि बढीएको पोखरा महानगरपालिका वडा नं १३ का वडा अध्यक्ष किरण बरालले बताउनुभयो । आवश्यक भौतिक पूर्वाधारहरू डिपिआर मार्फत नै विकास गरिने उहाँको भनाइ छ।

मन्दिरको संरक्षकका रुपमा रहनुभएका शिवनाथ गिरीजी महाराजको अगुवाईमा मणिद्विप परिसरमा एक हजार ५०० किलो तौलको विशाल महाकालीको मूर्ति सहितको मन्दिर, अष्ट चिरञ्जीवी, हवन कुण्ड लगायतका संरचना निर्माण भैसकेका छन्।

# दरै समुदायमा आधारित उपन्यास 'फेरिल' लोकार्पण

**पोखरापत्र संवाददाता**
तनहुँ, २१ साउन

सीमान्तकृत अल्पसङ्ख्यक दरै/दराई समुदायलाई मुख्य पात्रका रूपमा चित्रण गरी रचना गरिएको उपन्यास 'फेरिल' अर्थात् परिवर्तन लोकार्पण गरिएको छ।

लेखक माधव बिडारीद्वारा लिखित सो उपन्यासमा सो समुदायको संस्कार, संस्कृति, अवस्था र मौलिकपनालाई समावेश गरिएको छ। उपन्यासकार बिडारीले भन्नुभयो, "करिब एक वर्षअघिसम्म मैले दरै समुदायका बारेमा सुनेको पनि थिइनँ । दरै जातिका अध्ययन तथा बुझ्ने हुटहुटीले दरैको बसोबासस्थल रहेर यस समुदायको इतिहास, संस्कृति, संस्कार र जीवनशैलीसम्मका विषय उपन्यासमा समेटेको छु ।" व्यास नगरपालिकाका उपप्रमुख इन्दिरा दरैले आइतबार उपन्यासको लोकार्पण गर्दै दरै समुदायको संस्कार, संस्कृति र रहनसहनको विषयमा समेटिएर लेखिएको उपन्यासले समुदायसँग सम्बन्धित सबै कुराको संरक्षणको दायित्व बढाएको बताउनुभयो । नेपाल दरै उत्थान समाजका केन्द्रीय वरिष्ठ उपाध्यक्ष चिजबहादुर दरैले उपन्यासले समग्र जातिसँगै दरै समुदायलाई उपन्यासको कथाका मुख्य पात्र राखेर संस्कार, संस्कृति जोडिएको छ भन्नुभयो। दरै समाज तनहुँका अध्यक्ष ठाकुरबहादुर दरैले उपन्यास 'फेरिल'ले समुदायमा लुकेर रहेका विषयलाई समेटिएको बताउनुभयो। उहाँले भन्नुभयो, "दरै समुदायको भाषा, संस्कार, संस्कृति, रहनसहन र बसाइँसराइका विषय उपन्यासले उजागर गरेको छ । यसले समुदायलाई सचेत गराउनेछ।"

# कालीगण्डकी करिडोर: नरसिङखोलामा मोटरेबल पुल

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ साउन

चीन र भारत जोड्ने कालीगण्डकी करिडोरको बेनी-जोमसोम-कोरला सडकअन्तर्गत मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ छुसाङस्थित नरसिङखोलामा मोटरेबल पुल निर्माण भएको छ।

जोमसोमबाट कागबेनी छुसाङ उपल्लो मुस्ताङ हुँदै चीनको सिमाना कोरलानाका जोड्ने सडकअन्तर्गतको नरसिङखोलाको ९० मिटर लामो मोटरेबल पुलमा यातायात सञ्चालन हुन थालेका छन् । बेनी-जोमसोम-कोरला सडक आयोजनाका इन्जिनियर विष्णु चापागाईंले पुलमा सवारीसाधन सञ्चालन हुन थालेको बताउनुभयो।

"पहुँचमार्ग र पुलमाथि अक्सफाल्ट कालोपत्र गर्ने काम बाँकी भए पनि मुख्य संरचना तयार भएकाले यातायात सञ्चालन गरिएको छ", उहाँले भन्नुभयो, "पुल सञ्चालन भएपछि बर्खामा नरसिङखोलामा जोखिम मोलेर सवारी आवतजावत गर्नुपर्ने समस्या हटाएका छौं ।" नरसिङ र मार्फाखोलामा मोटरेबल पुल निर्माणका लागि विसं २०७५ भदौ ६ गते हिमदुङ-ठोकर-इमाटोल जेभीले रु २१ करोडमा ठेक्का सम्झौता गरेको थियो । विसं २०७८ मा सकिनुपर्ने नरसिङ र मार्फाखोलाको पुल निर्माण व्यवसायीले पर्याप्त मात्रामा उपकरण, मजदुर परिचालन तथा निर्माण सामग्री व्यवस्थापन गर्न नसक्दा ढिलाइ भएको हो। तीनवटा स्पाम भएको पुलको ८० प्रतिशत भौतिक प्रगति भएको पुलको बाँकी काम सक्न पछिल्लोपटक मुस्ताङको अमित विल्डर्सले जिम्मा लिएको थियो । यसअघि इमाटोल कन्ट्रक्सनले जिम्मा काम समयमा पूरा गर्न नसकेको हो । दुई सय दुई किलोमिटर दूरीको बेनी-जोमसोम-कोरला सडकमा नरसिङखोलासहित पछिल्लो एक वर्षयता सातवटा गाडी चल्ने सडक पुल निर्माण भएको छ । लोमान्थाङ गाउँपालिकाको लोमान्थाङ, किम्लिङ, नाम्डोकरभर्मा,थासाङगाउँपालिकाको छाक्ताङखोलामा बेनी-जोमसोम-कोरला सडक आयोजनामार्फत पुल निर्माण भएको हो। सडक विभागको पुल महाशाखाले म्याग्दीको रघुगङ्गा गाउँपालिका-१ बेगखोलामा ७० मिटर लामो डबल स्पाम भएको मोटरेबल पुल बनाएको छ । बेनी-जोमसोम-कोरला सडक योजनामार्फत १४ वटा पक्की पुल र तीनवटा बेलीब्रिज निर्माण भएका छन् । सात ठाउँमा मोटरेबल पुल निर्माणाधीन छन्। थप पाँच ठाउँमा पुल निर्माणको प्रस्ताव गरिएको छ। पर्वतको मालढुङ्गाबाट म्याग्दी हुँदै मुस्ताङस्थित चीनको सिमाना कोरलानाका जोड्ने सडक दुई लेनको कालोपत्र र ग्राभेल बनाउन विसं २०७३/७४ देखि सुरु भएको योजनाको हालसम्म ८४ प्रतिशत भौतिक प्रगति भएको आयोजना प्रमुख ध्रुवकुमार झाले बताउनुभयो।

# घरघरमा पुगेर सेवा दिँदै सामुदायिक अस्पताल

**रासस**
लमजुङ, २१ साउन

लमजुङको सुन्दरबजार नगरपालिकामा रहेको एचडिसियस नमुना सामुदायिक अस्पतालले नागरिकको घरमै पुगेर स्वास्थ्य सेवा दिन सुरू गरेको छ।

प्रत्येक दिन बिहान ७ बजेदेखि बेलुका ७ बजेसम्म घरमै पुगेर स्वास्थ्य सेवा दिइने र यसका लागि सम्बन्धित बिरामीले अस्पताल प्रशासनसँग सम्पर्क गरी समस्याबारे जानकारी टिपाउनुपर्ने व्यवस्था रहेको अस्पतालका प्रमुख हेमन्त श्रेष्ठले बताउनुभयो । फरक क्षमता भएका, ज्येष्ठ नागरिक, गर्भवती, बालबालिका, गर्भवती तथा सुत्केरी महिला, शल्यक्रिया गरेर घरमा आराम गरिरहेका, दिर्घ रोगीलाई प्राथमिकतामा राखी सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो।

अस्पतालले प्यारामेडिक्स र नर्सिङसहितको टोलीलाई घरघरमा पठाएर विशेष गरी सुगर, ब्लडप्रेसर, ज्वरोसम्बन्धी परीक्षण, ल्याब परीक्षणको लागि नमूना सङ्कलन, औषधि पुऱ्याउने र स्वास्थ्यसम्बन्धी परामर्श दिने गरेको छ। यसबापत बिरामीको स्वास्थ्य उपचारमा लागेको औषधि, उपचार प्रक्रिया, जनशक्ति र सेवा दिन लागेको दूरीको आधारमा शुल्क निर्धारण गरिएको अस्पताल प्रशासनले जनाएको छ। सुरुआती अवस्थामा सुन्दरबजार नगरपालिका वडा नं ६, ७, ८ र ९, भानु नगरपालिका वडा नं ११ मा हाल सेवा प्रदान गरिँदै आएको छ। यस्तै सुन्दरबजार नगरका वडा नं ७ पाउँदी र वडा नं ९ फुलबारीमा सामुदायिक अस्पतालले हप्ताको १ दिन निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्दै आएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष परमेश्वर अधिकारीले जानकारी दिनुभयो । अधिकारीकानुसार दोर्दी गाउँपालिकाको नौथर शेरामा टेलिमेडिसिनमार्फत प्रत्येक हप्ताको एक दिन निःशुल्क सेवा अस्पतालले दिँदै आएको छ।

आकस्मिक तथा सुत्केरी, अस्पतालमै भर्ना हुनुपर्नेबाहेक बिरामीको लागि यो सेवाले सहज बनाएको अस्पतालले विश्वास लिएको छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : शारीरिक झमेला | मकर | : शुभ यात्रा |
| सिंह | : मानसिक तनाब | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
मातृशिशु मितेरी अस्पताल, पोखरा

**बोलपत्र आव्हान सम्बन्धी सूचना**

आ.व. ०८१/८२ को लागि यस अस्पताललाई आवश्यक पर्ने औषधी विधुतीय माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक योग्य फर्म/संस्थाबाट बोलपत्र पेश गर्न सबैको जानकारीको लागि मिति २०८१/०४/२० गते आइतवार प्रथम पटक सूचना प्रकाशित गरिएको छ । बोलपत्र आव्हान सम्वन्धी बिस्तृत जानकारीको अस्पतालको वेभसाईट https://msmhospital.gov.np तथा e–GP पोर्टलवाट प्राप्त गर्न सकिने छ ।

कार्यालय प्रमुख



HIMALAYANLIFE
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

तपसिल

| क्र.सं. | बीमा लेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI १६१००००५४८ | रक्षा बराल | पोखरा ७, कास्की |
| २ | PLI १६१००००५६२ | रश्मी बराल | पोखरा ७, कास्की |
| ३ | PLI १६१००००९९३ | अन्मिसा महत | भरतपोखरी ६, कास्की |
| ४ | GLI ६१०००६२५९ | सुन्तली विश्वकर्मा | अन्नपुर्ण गा.पा. ३, कास्की |
| ५ | GLI ००१००१८२७९ | दिपेन्द्र ढकाल | पोखरा ६, कास्की |

# सहकारीमार्फत आलु चिप्स, गुन्द्रुक र सिस्नोको धुलो बजारीकरण

**रासस**
काठमाडौ, २१ साउन

उच्च भागमा पाइने स्वादिष्ट आलु, सिस्नो र जङ्गलमा पाइने बाँकोलाई ब्रान्डीङ गर्न थालिएको छ। यहाँको जैमिनी नगरपालिका-३ उपल्लो दमेकको एक महिला सहकारीले आलुको चिप्स, गुन्द्रुक र सिस्नोको धुलो उत्पादन गरेर बजारीकरण गर्न थालेको हो।

जङ्गलमा खेर गइरहेको बाँकोलाई गुन्द्रुक बनाउने र सिस्नोलाई धुलो बनाएर बजार पठाउने रुद्रतालल सामाजिक महिला उद्यम सहकारी संस्थाले हालै आलु चिप्स बनाउने, लेबलिङ र प्याकेजिङ गर्ने आधुनिक उपकरण भित्र्याएको छ । एक वर्षदेखि परम्परागत तरिकाले आलु चिप्स, बाँकोको गुन्द्रकु र सिस्नोको पाउडर बनाउँदै आएको उक्त संस्थाले गाजा दह आलु चिप्स तथा सिस्नो पाउडर कम्पनी दर्ता गरेर अर्गानिक उपजको बजारीकरण थालिएको सहकारी संस्थाका अध्यक्ष चित्रा छन्त्यालले जानकारी दिनुभयो । "गाउँ तथा जङ्गलमा खेर गइरहेको सिस्नो र बाँकोलाई ब्रान्ड बनाएर बजारमा पुऱ्याउने हाम्रो लक्ष्य थियो, अहिले सानो परिमाणमा बजार पठाइरहेका छौँ, यहाँको आलुसमेत निकै स्वादिष्ट छ, आलुलाई चिप्स बनाएर बजार पठाउँदा यहाँका महिलाको आय आर्जन सघाउ पुग्नेछ," छन्त्यालले भन्नुभयो, "अर्गानिक उत्पादनको बजारीकरणमा जैमिनी नगरपालिकासमेतले सघाएको छ, यस पटक आलु चिप्स बनाउने, लेबलिङ र प्याकेजिङ गर्न रु सात लाखको उपकरण प्रधानमन्त्री कृषि आधुनिककरण परियोजनाले ८५ प्रतिशत अनुदान दिएको छ ।" एक वर्षभित्र बाँकोको गुन्द्रुक र सिस्नोको धुलो दुईलाखको बिक्री भएको छन्त्यालले जानकारी दिनुभयो। अहिले अ ा ल ु चिप्सलाई मुख्य उत्पादनका रूपमा विकास गर्न आधुनिक उपकरणले सहयोग पुऱ्याउने छन्त्यालको भनाइ छ। विसं २०७१ मा खसीबोकाको कारोबार गर्न स्थापना भएको सहकारीले एक वर्ष यता आलु चिप्स, सिस्नोको धुलो र गुन्द्रुक बनाएर विक्री गर्न थालेको हो।

जैमिनी नगरपालिकाले आलु काट्ने, आलु सुकाउने र मकै भुट्ने उपकरणसमेत सहयोग गरेको छ। विसं २०७१ मा रु १० लाख शेयरपूँजीबाट शुरु भएको सहकारीको अहिले वार्षिक कारोबार रु दुई करोड ५० लाख नाघेको छ। अहिले बाँको र सिस्नो संकलन, आलु खरिद तथा ब्रान्डीङका लागि २१ महिला सक्रिय रहेका छन्।

महिला सदस्यलाईमात्रै सहकारीमा आबद्ध गराएको सहकारीले नियमित २१ जनालाई रोजगारी दिएको छ । 'हेफर इन्टरनेशनल'लेसमेत सहकारी स्थापनाका बेला बाख्राका पाठा वितरण गरी सहयोग गरेको थियो । अहिले उत्पादन भइरहेको आलु चिप्स, सिस्नोको धुलो र बाँकोको गुन्द्रुक बागलुङ बजारसहित पोखरासम्म पुग्ने गरेको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले जानकारी दिनुभयो।

नगरपालिकाले महिला उद्यमशिलताका लागि हालसम्म रु १० लाखभन्दा बढीको आर्थिक सहायता प्रदान गरिसकेको उहाँले जानकारी दिनुभयो । "किसानले आलु मात्रै विक्री गरेर भएन, जैमिनीको सबैभन्दा बढी आलु उत्पादन हुने क्षेत्रका रूपमा रहेको दमेकको आलुलाई चिप्स बनाउँदा टिकाउ हुने र बजारीकरणसमेत गर्न सहज हुने भएकाले उद्यमशीलताको कार्यक्रमलाई त्यही सहकारीसँग जोडिएको छ", उपप्रमुख शर्माले भन्नुभयो "औषधीय गुणसमेत भएको बाँकोको गुन्द्रुक र सिस्नोको धुलो विदेशसमेत पुऱ्याउन सकिने सम्भावना।"

# आँबुखैरेनी अस्पतालमा शल्यक्रियाकक्ष तयार

**पोखरापत्र संवाददाता**
तनहुँ, २१ साउन

तनहुँको आँबुखैरेनी अस्पतालमा शल्यक्रियाकक्ष तयार पारिएको छ। विसं २०७९ मङ्सिर १ गतेदेखि आँबुखैरेनी स्वास्थ्यचौकीलाई स्तरोन्नति गरी १५ शयूयाको अस्पताल बनाइएको थियो। आँबुखैरेनी गाउँपालिकाद्वारा सञ्चालित सो अस्पतालले छिट्टै शल्यक्रिया सेवा दिने तयारी समेत गरेको छ। स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले सोमबारशल्यक्रियाकक्षको आज शुभारम्भ गर्नुहुँदै अस्पतालको थप स्तरोन्नति र विकासका लागि सङ्घीय सरकारको सहयोग रहने जानकारी दिनुभयो । उहाँले गाउँपालिकाले पालिकास्तरीय अस्पताल सञ्चालन गरेर यस भेगका जनतालाई दिएको सेवा सकारात्मक छ भन्नुभयो। अस्पतालका प्रमुख डा डिबी क्षेत्रीले गण्डकी प्रदेशको स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको सहयोगमा शल्यक्रियाकक्षका लागि आवश्यक बत्ती, शयूया र इलेक्ट्रोकाउट्री मेसिन प्राप्त भएको जानकारी दिनुभयो।

लामो समयको प्रयासपश्चात् अस्पतालमा अब शल्यक्रिया सेवा सुरु हुने चरणमा पुगेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताउनुभयो । अस्पतालले प्रसूीत, हर्निया, एपेन्डिक्स, हाइड्रोसिलको शल्यक्रिया सेवा सुरु गर्ने तयारी गरेको छ। अस्पतालले तनहुँको आँबुखैरेनीका अलवा जिल्लाकै बन्दीपुर, गोरखाको पालुङटार, सहिद लखन र चितवनको इच्छाकामनाका जनतालाई सेवा दिइरहेको छ । अस्पतालबाट चौबीसै घण्टा आकस्मिक सेवा, आधारभूत प्रयोगशाला, एक्सरे, भिडियो एक्सरे, इसिजी, फार्मेसीलगायत सेवा प्रदान गरिएको छ। अस्पतालमा एकजना एमडिजीपी, तीनजना मेडिकल अधिकृत र १३ नर्स कार्यरत छन्। आँबुखैरेनी-३ मा निजी क्षेत्रबाट सञ्चालित छिम्केश्वरी अस्पताल आँबुखैरेनी अस्पतालमा समायोजन भएको थियो। यसैबीच स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री पौडेलले जनताले सहज रूपमा स्वास्थ्य सेवा पाउने वातावरण सिर्जना गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

# कर्जा नतिर्ने ऋणीलाई कर्जा तिर्न आउने बारेको ३५ दिने अत्यन्त जरूरी सूचना ।

**(प्रथम पटक प्रकाशित मिति २०८१/०४/२२)**

यस एकता बचत तथा ऋण सहकारी संस्था लि. बाट ऋण लिने तपशिल बमोजिमका ऋणी सदस्यहरुले ऋण लिदा गरिदिएको लिखित तथा शर्तनामामा तोकिए अनुसार बुझाउन पर्ने किस्ता, सावाँ, व्याज र अन्य दै-दस्तुर समेतका रकमहरु नबुझाई ऋण लिदा गरिदिएको शर्त कबुलियतको उल्लङ्घन गरेको र संस्थाबाट मौखिक एवं लिखित रुपमा पटक पटक तर ताकेता गर्दा समेत सोको बेवास्ता गरी ऋण दायित्व फछ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अत : यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस संस्थालाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, व्याज र अन्य दै-दस्तुर लगायतका रकम एकमुष्ट रुपमा चुक्ता गर्नु गराउनु हुनको लागि सम्बन्धित ऋणी, धितोवाला, जमानीकर्ता, एवं उल्लेखित ऋणसँग सम्वद्ध सबैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम संस्थालाई चुक्ता भुक्तान नगरी बसेमा ऋणिले /धितोवालाले संस्थालाई लेखिदिएको धितो र कथंकदाचित उक्त धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम असुल उपर भई ऋण बाँकी रहन गएमा ऋणी तथा जमानत दिने व्यक्तिको आफ्नै वा एकाघरको परिवारको नाउमा नेपाल राज्यमा भएको अन्य चल अचल सम्पति समेतबाट सहकारी ऐन २०७४ सहकारी नियमावली २०७५, संस्थाको विनियम, नीति तथा प्रचलित कानुन बमोजिम लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी र धितो जमानीकर्तालाई कालो सूचीमा समावेश गर्ने प्रक्रिया अगाडि बढाइने व्यहोरा ऋणी, धितोवाला, जमानीकर्ता तथा सम्वद्ध सबैलाई यसै सूचनाबाट सूचित गरिन्छ।

**तपसिलः**

| ऋणीको विवरण | धनजमानीको विवरण |
|---|---|
| **१) ऋणी नाम : बुद्धिमाया आले मगर**<br>पतिको नाम : लोक बहादुर आले मगर<br>ससुराको नाम : डम्बर बहादुर आले मगर<br>स्थायी ठेगाना : जामुने -०१, तनहुँ<br>हाल ठेगाना : जामुने -०१, तनहुँ<br>नागरिकता नं. : ४३३००४-२६२<br>जारी मिति : २०६३-११-११<br>जि.प्र. का : तनहुँ | **धन जमानी नाम : राम बहादुर आले मगर**<br>बुबाको नाम : लोक बहादुर आले मगर<br>बाजेको नाम : डम्बर बहादुर आले मगर<br>स्थायी ठेगाना : जामुने -०१, तनहुँ<br>हाल ठेगाना : जामुने -०१, तनहुँ<br>नागरिकता नं. : ७३०९२<br>जारी मिति : २०६१-०३-२०<br>जि.प्र का : तनहुँ |
| **सुरक्षणमा रहेको धितोको विवरण : जग्गा धनी नाम : बुद्धिमाया आले मगर**<br>१ जिल्ला : तनहुँ म न पा/न पा/गा वि स : गुडादी वडा नः ०७ , कित्ता नः १६५ क्षेत्रफल /रोपनी : ६-८-३-३ | |
| **२) ऋणी नाम : हेम कुमारी गुरुङ**<br>पतिको नाम : मोहन गुरुङ<br>ससुराको नाम : हिमान सिं गुरुङ<br>स्थायी ठेगाना : व्यास-०१, तनहुँ<br>हाल ठेगाना : व्यास-०१, तनहुँ<br>नागरिकता नं. : २७५४०<br>जारी मिति : २०५४-०९-२४<br>जि. प्र. का : तनहुँ | **धन जमानीको नाम : सदिक्षा गुरुङ**<br>बाबुको नाम : मोहन गुरुङ<br>बाजेको नाम : हिमान सिं गुरुङ<br>स्थायी ठेगाना : व्यास ०१, तनहुँ<br>हाल ठेगाना : व्यास ०१, तनहुँ<br>नगरिकता नं. : ४३ ०१ ७५ ०१३५५<br>जारी मिति : २०७५-०२-०८<br>जि.प्र का : तनहुँ |
| **सुरक्षणमा रहेको धितोको विवरण :**<br>**जग्गा धनी नाम : हेम कुमारी गुरुङ**<br>१. जिल्ला : तनहुँ म न पा/न पा/गा वि स : फरकचौर वडा नः ०३, कित्ता नं. २७९ क्षेत्रफल /रोपनी : २-५-१-१<br>२. जिल्ला : तनहुँ म न पा/न पा/गा वि स : फरकचौर वडा नः ०३, कित्ता नं. २८३ क्षेत्रफल /रोपनी : ४-१-२-०<br>३. जिल्ला : तनहुँ म न पा/न पा/गा वि स : फरकचौर वडा नः ०३, कित्ता नं. २८० क्षेत्रफल /रोपनी : २-५-१-२<br>४. जिल्ला : तनहुँ म न पा/न पा/गा वि स : फरकचौर वडा नः ०३, कित्ता नं. २८४ क्षेत्रफल /रोपनी : ४-१-२-१ | **धन जमानीको नाम : नीर बहादुर राना**<br>बुबाको नाम : सन्त बहादुर राना<br>बाजेको नाम : नन्द बिर राना<br>स्थायी ठेगाना : चिन्नेवास -०१, स्याङ्जा<br>हाल ठेगाना : पोखरा -१५, कास्की<br>नागरिकता नं. : ८८६<br>जारी मिति : २०४६-०२-१८<br>जि.प्र. का : स्याङजा |
| **३) ऋणी नाम : नीर बहादुर राना**<br>बुबाको नाम : सन्त बहादुर राना<br>बाजेको नाम : नन्द बिर राना<br>स्थायी ठेगाना : चिन्नेवास -०१, स्याङ्जा<br>हाल ठेगाना : पोखरा -१५, कास्की<br>नागरिकता नं. : ८८६<br>जारी मिति : २०४६-०२-१८<br>जि.प्र. का : स्याङ्जा | **धन जमानीको नाम : याम कुमारी राना**<br>पतिको नाम : नीर बहादुर राना<br>ससुराको नाम : सन्त बहादुर राना<br>स्थायी ठेगाना : चिन्नेवास -०१, स्याङ्जा<br>हाल ठेगाना : पोखरा- १५, कास्की<br>नागरिकता नं. : ४७९४<br>जारी मिति : २०३८-१२-०५<br>जि.प्र. का : स्याङजा |
| **सुरक्षणमा रहेको धितोको विवरण : जग्गा धनी नाम : नीर बहादुर राना**<br>१. जिल्लाः तनहुँ म न पा/न पा/गा वि सः कर्लुङ वडा नं. ०५, कित्ता नं. १५७ क्षेत्रफल /रोपनी : ०-२-०-१<br>२. जिल्ला : तनहुँ म न पा/न पा/गा वि स : कर्लुङ वडा नं. ०५, कित्ता नं. १३९ क्षेत्रफल /रोपनी : ०-२-३-० | |
| **४) ऋणी नाम : पेम्बा फुटटी शेर्पा राई**<br>पतिको नाम : सन्जीव राई<br>ससुराको नाम : भक्त बहादुर राई<br>स्थायी ठेगाना : लेखगाउ-०२, उदयपुर<br>हाल ठेगाना : पोखरा-०९, कास्की<br>नागरिकता नं. : १४१०३१-१०२४५९<br>जारी मिति : २०६६-१२-३०<br>जि.प्र. का : उदयपुर | **धन जमानीको नाम : सन्जीव राई**<br>बुबाको नाम : भक्त बहादुर राई<br>बाजेको नाम : अम्मर बहादुर राई<br>स्थायी ठेगाना : लेखगाउ -०२, उदयपुर<br>हाल ठेगाना : पोखरा -०९, कास्की<br>नागरिकता नं. : १९९९<br>जारी मिति : २०५७-०६-०३<br>जि.प्र. का : उदयपुर |
| **सुरक्षणमा रहेको धितोको विवरण : जग्गा धनी नामः पेम्बा फुटटी शेर्पा राई, सन्जीव राई**<br>१. जिल्ला कास्की म न पा/न पा/ गा वि स : धम्पुस वडा नं. ०५ , कित्ता नं. ७७१ क्षेत्रफल /रोपनी : ५ -२ -२ -१ | |
| **५) ऋणी नाम : याम कुमारी राना**<br>पतिको नाम : नीर बहादुर राना<br>ससुराको नाम : सन्त बहादुर राना<br>स्थायी ठेगाना : चिन्नेवास -०१ स्याङजा<br>हाल ठेगाना : पोखरा- १५ कास्की<br>नागरिकता नं. : ४७९४<br>जारी मिति : २०३८-१२-०५<br>जि.प्र. का : स्याङजा | **धन जमानीको नाम : नीर बहादुर राना**<br>बुबाको नाम : सन्त बहादुर राना<br>बाजेको नाम : नन्द बिर राना<br>स्थायी ठेगाना : चिन्नेवास -०१ , स्याङजा<br>हाल ठेगाना : पोखरा -१५ , कास्की<br>नागरिकता नं. : ८८६<br>जारी मिति : २०४६-०२-१८<br>जि.प्र. का : स्याङजा |
| **सुरक्षणमा रहेको धितोको विवरण : जग्गा धनी नाम : याम कुमारी राना**<br>१. जिल्ला : कास्की म न पा/न पा/गा वि स : पोखरा वडा न. १५, कित्ता न. १५६ क्षेत्रफल /रोपनी : २४७ वर्ग मिटर | |
| **६) ऋणी नाम : कृष्ण कार्की**<br>बुबाको नाम : खड्क बहादुर कार्की<br>बाजेको नाम : हस्तविर कार्की<br>स्थायी ठेगाना : पोखरा -१८, कास्की<br>हाल ठेगाना : पोखरा -१४, कास्की<br>नागरिकता नं. : ४७५९५<br>जारी मिति : २०५३-०५-२६<br>जि.प्र का : कास्की | **धन जमानीको नाम : विनय कार्की**<br>बुबाको नाम : कृष्ण कार्की<br>बाजेको नाम : खड्क बहादुर कार्की<br>स्थायी ठेगाना : पोखरा -१४, कास्की<br>हाल ठेगाना : पोखरा -१४, कास्की<br>नागरिकता न. : ४६ -०१ -७६ -०७१०१<br>जारी मिति : २०७६-११-०८<br>जि.प्र. का : कास्की |
| **सुरक्षणमा रहेको धितोको विवरण :**<br>**जग्गा धनी नाम : कृष्ण कार्की**<br>१. जिल्ला कास्की म न पा/न पा/ गा वि स : रुपाकोट वडा न. ०१ , कित्ता न. ८७५३<br>क्षेत्रफल /रोपनी : ० -९ -१ -१ | **धन जमानीको नाम : इन्द्र माया के सी**<br>पतिको नाम : कृष्ण कार्की<br>ससुराको नाम : खड्क बहादुर कार्की<br>स्थायी ठेगाना : पोखरा ०५, कास्की<br>हाल ठेगाना : पोखरा-१४, कास्की<br>नागरिकता न. : ६०६७२<br>जारी मिति : २०५४-१२-१३<br>जि.प्र. का : कास्की |
| **७) ऋणी नाम : सन्जीव राई**<br>बुबाको नाम : भक्त बहादुर राई<br>बाजेको नाम : अम्मर बहादुर राई<br>स्थायी ठेगाना : लेखगाउ -०२, उदयपुर<br>हाल ठेगाना : पोखरा -०९, कास्की<br>नागरिकता न. : १९९९<br>जारी मिति : २०५७-०६-०३<br>जि.प्र. का : उदयपुर | **धन जमानीको नाम : पेम्बा फुटटी शेर्पा राई**<br>पतिको नाम : सन्जीव राई<br>ससुराको नाम : भक्त बहादुर राई<br>स्थायी ठेगाना : लेखगाउ-०२, उदयपुर<br>हाल ठेगाना : पोखरा-०९, कास्की<br>नागरिकता न. : १४१०३१/१०२४५९<br>जारी मिति : २०६६-१२-३०<br>जि.प्र. का : उदयपुर |
| **सुरक्षणमा रहेको धितोको विवरण : जग्गा धनी नाम : पेम्बा फुटटी शेर्पा राई, सन्जीव राई**<br>१. जिल्ला कास्की म न पा/न पा/ गा वि स : धम्पुस वडा न. ०५, कित्ता न. ७७१ क्षेत्रफल /रोपनी : ५ -२ -२ -१ | |
| **८) ऋणी नाम : गर्वे गुरुङ**<br>बुबाको नाम : चन्द्र बहादुर गुरुङ<br>बाजेको नाम : चेत बहादुर गुरुङ<br>स्थायी ठेगाना : खुदी -०३, लमजुङ<br>हाल ठेगाना : पोखरा -१० , कास्की<br>नागरिकता न. : २२५२७<br>जारी मिति : २०५३-०९-१५<br>जि.प्र का : लमजुङ | **धन जमानीको नाम : मिना देवी गुरुङ**<br>पतिको नाम : गर्वे गुरुङ<br>ससुरा को नाम : चन्द्र बहादुर गुरुङ<br>स्थायी ठेगाना : खुदी ०३, लमजुङ<br>हाल ठेगाना : पोखरा १०, कास्की<br>नागरिकता न. : २५०७<br>जारी मिति : २०४४-११-१२<br>जि.प्र का : लमजुङ |
| **सुरक्षणमा रहेको धितोको विवरण : जग्गा धनी नाम : गर्वे गुरुङ**<br>१. जिल्ला कास्की म न पा/न पा/ गा वि स : देउराली वडा न. ०६ , कित्ता न. २०७, २०८<br>क्षेत्रफल /रोपनी : ० -६ -१ -२ , १-१३-१-२ | |
| **९) ऋणी नाम : डम्बर कुमारी गुरुङ**<br>पतिको नाम : खोम बहादुर गुरुङ<br>ससुराको नाम : मन बहादुर गुरुङ<br>स्थायी ठेगाना : भरतपोखरी, ०७ कास्की<br>हाल ठेगाना : पोखरा ०८ कास्की<br>नागरिकता न. : १४७२७३<br>जारी मिति : २०६१-०२-२४<br>जि.प्र. का : कास्की | **धन जमानीको नाम : मिलन गुरुङ**<br>बुबाको नाम : खोम बहादुर गुरुङ<br>बाजेको नाम : मन बहादुर गुरुङ<br>स्थायी ठेगाना : लेखनाथ १८, कास्की<br>हाल ठेगाना : पोखरा ०८, कास्की<br>नागरिकता न. : ४६-०१-७१-११६१४<br>जारी मिति : २०७१-१२-२३<br>जि.प्र का : कास्की |
| **सुरक्षणमा रहेको धितोको विवरण : जग्गा धनी नाम : डम्बर कुमारी गुरुङ**<br>१. जिल्ला तनहुँ म न पा/न पा/ गा वि स : क्यामिन वडा नं. ०७ , कित्ता न. ७८,७७<br>क्षेत्रफल /रोपनी : १ -७ -१ -३ ,१ -८ -२-१ | |
| **१०) ऋणी नाम : भिष्म कुमार राना**<br>बुबाको नाम : चित्र बहादुर राना<br>बाजेको नाम : हिरा सिहं राना<br>स्थायी ठेगाना : सालझण्डी -२, रुपन्देही<br>हाल ठेगाना : पोखरा -१४ कास्की<br>नागरिकता नं. : १२७११ स्याङजा<br>जारी मिति : २०५०-०५-०१<br>जि.प्र. का : रुपन्देही | **धन जमानीको नाम : सन्तोष आले मगर**<br>बुबाको नाम : रोक बहादुर आले<br>बाजेको नाम : नर बहादुर आले<br>स्थायी ठेगाना : पौवैगौडे ०२, स्याङजा<br>हाल ठेगाना : पोखरा १४, कास्की<br>नागरिकता नं. : ४२३००२-४६<br>जारी मिति : २०७०-०२-१५<br>जि.प्र. का : स्याङजा |
| **सुरक्षणमा रहेको धितोको विवरण : जग्गा धनी नाम : भिष्म कुमार राना**<br>१ जिल्ला तनहुँ म न पा/न पा/ गा वि स : कर्लुङ वडा नं. ०५ , कित्ता न. १६३ , १४७<br>क्षेत्रफल /रोपनी : ०-३ -३ -२ ,० -० -०-२ | |

**नोटः** यस सहकारी संस्थाबाट विभिन्न शिर्षकमा कर्जा लिई किस्ता नियमित नगर्ने ऋणीहरुले पनि यसैलाई सुचना मानी कर्जा नियमित गर्नु /गराउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिम नै ऋणी तथा व्यक्तिगत धनजमानी दिनेको तिनपुस्ते विवरण सहित स्थानीय तथा राष्ट्रिय स्तरको पत्रपत्रिका सुचना प्रकाशित गरी नियम अनुसार कारबाही अगाडि बढाईने र लिनुपर्ने सम्पुर्ण रकम असुल उपर गरिने व्यहोरा समेत अवगत गराउँदछौ।

## एकता बचत तथा ऋण सहकारी संस्था लि .

**पोखरा,१४ स्वागत नगर, फोनः ०६१ ५४३९३२, ५८१६७९**

Email : savingekata@gmail.com